Published on 2076.02.05 (19-05-2019) Abhiyan National Daily

# तारागाउँ रिजेन्सी होटल्स लिमिटेड

# M/s Taragaon Regency Hotels Ltd.

बौद्ध, काठमाण्डौ, नेपाल, फोन: ४२१७१२३, फ्याक्स: ५१७८३३३

HYATT REGENCY

## आ.व. २०७५/०७६ को तेस्रो त्रैमासिक प्रतिवेदन

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची - १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)**

१) **वित्तीय विवरण:**

(कम्पनीको हिसाव किताव लेखाङ्कन अग्रेजी महिना अनुसार गर्ने गरीएको हुँदा यस अवधीको प्रतिवेदनमा १७ जुलाई २०१८ देखि ३१ मार्च २०१९ सम्मको वित्तिय विवरण प्रस्तुत गरीएको छ ।)

क) विवरण तल संलग्न छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

| आ.व. २०७५।०७६ | प्रतिशेयर आम्दानी | प्रतिशेयर नेटवर्थ | P/E ratio | प्रतिशेयर कूल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|---|
| तेस्रो त्रैमासिक | १८.९० | १४६.७७ | १२.५९ Times | १८२.५४ | २.७९ |

२) **व्यवस्थापकिय विशलेषण:**

क) गत आ.व.२०७४।०७५ को १६ जुलाई २०१७ देखि ३१ मार्च २०१८ सम्मको अवधीमा मा कूल बिक्री रु. ९१.५७ करोड भइ नाफा रु. २७.५४ करोड (कर, CSR र कर्मचारी बोनस अघिको नाफा) भएकोमा यस आ.व. २०७५।०७६ को सोही अवधीमा कूल बिक्री रु. १२.९० करोडले बढेर १०४.४८ करोड पुगेको र नाफा रु. ३५.६५ करोड (कर, CSR र कर्मचारी बोनस अघिको नाफा) आर्जन गरेको ब्यहोरा अवगत गराउदछौं । पर्यटकको आगमनमा आएको वृद्धी, प्रभावकारी बजार प्रवर्द्धन र कुशल व्यवस्थापन रणनीतिले गर्दा विक्रि तथा नाफा विगतको वर्ष भन्दा वढी भएको कुरा जानकारी गराइन्छ ।

ख) नेपालको सुधारोन्मुख राजनैतिक तथा आर्थिक अवस्थाको कारणले विभिन्न क्षेत्रमा प्रतिस्पर्धा वृद्धि हुनको साथै पर्यटन क्षेत्रमा पनि तारे होटलहरुको संख्यामा हुन गईरहेको वृद्धिको कारणले कडा व्यवसायिक प्रतिस्पर्धा सृजना हुने देखिन्छ । हालको अवस्थासम्ममा यस होटलले व्यवसायिक प्रतिस्पर्धामा आफुलाई सबल राखेको र आगामी अवधीको कडा व्यवसायिक प्रतिस्पर्धालाई सामना गर्न मुख्य रुपमा होटल अझ बढि सुविधा सम्पन्न बनाउने लक्ष्य लिएको छ । यसै क्रममा होटलले Banquet Hall / Meeting Room को Renovation विगतको आ.व.मा सम्पन्न गरी सकेको र आगामी अवधीमा Lobby Lounge तथा Room को Renovation गर्नको लागि आवश्यक प्रक्रिया अगाडी बढाएको छ । साथै खालि रहेको जग्गामा अन्तराष्ट्रिय स्तरको Event and Exhibition Center निर्माण गर्नको लागि designing लगायतका आधारभुत प्रकृतिको काम सम्पन्न भई सकेको कुरा अवगत गराउदछौं ।

बढ्दो प्रतिस्पर्धामा होटललाई प्रथम स्थानमा राखी राख्न अत्याधुनिक प्रविधिको प्रयोग गर्ने तथा होटलको आम्दानी तथा नाफालाई वृद्धि गर्नको लागी renovated banquet hall को उपयोग गर्ने, MICE business बढाउने तर्फ ध्यान दिने तथा Food & Beverage को प्रचार तथा प्रसार गर्ने जस्ता रणनीति अपनाई आम्दानीमा वृद्धि गरी शेयरहोल्डरहरुलाई विगतको वर्ष भन्दा बढी प्रतिफल वितरण गर्ने निती लिएको छ ।

ग) यस त्रैमासिक अवधीमा यस होटलको नगद प्रवाह मौज्दात तथा तरलता र नाफा सकरात्मक रहेको छ ।

३) **कानुनी कारवाही सम्बन्धी विवरण:**

क) यस त्रैमासिक अवधिमा कम्पनीको विरुद्धमा कुनै मुद्दा परेको जानकारीमा नआएको वा कम्पनीले कसैको विरुद्धमा कुनै प्रकारको मुद्दा दायर नगरेको जानकारीको लागि अनुरोध छ ।

ख) हालसम्म कम्पनीको संस्थापक वा संचालकले तथा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको सूचना कम्पनीलाइ प्राप्त भएको छैन ।

ग) हालसम्म कम्पनीको संस्थापक वा संचालकहरु विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको सूचना प्राप्त भएको छैन ।

४) **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

क) शेयर कारोबारमा हुने उतार चढाब खुल्ला बजारले प्रतिपादित गरेको मूल्य तथा मान्यता अनुरुप हुने गरेको ।

ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या ।

| आ.व. २०७५।०७६ | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार शेयर संख्या | कारोबार दिन |
|---|---|---|---|---|---|
| तेस्रो त्रैमासिक | २५८ | २३० | २३८ | ४४,२८२ | ५५ |

५) **समस्या तथा चुनौती:**

प्रजातन्त्रको स्थापना पश्चात देशको आर्थिक अवस्थालाई उकास्नको लागि पर्यटन क्षेत्रको विकासको आवश्यकता महशुस गरी तारागाउँ विकास समितिको सार्वजनिक आह्वानमा निजि तथा सरकारी लगानीमा यस तारागाउँ रिजेन्सी होटल्सको स्थापना भएको थियो । होटल संचालनमा आए पश्चात देशको राजनैतिक तथा सामाजिक अस्थिरताको कारणले यस होटलले सोचे अनुरुपको प्रतिफल प्राप्त गर्न सकेन जसले गर्दा एउटा अवस्थामा स्वदेशी तथा विदेशी बैंकद्धारा प्रदान गरीएको ऋण लगायत ब्याज तिर्न नसकी होटल बन्द गर्ने स्थितिसम्म पनि पुगेको कुरा जानकारीको लागि अनुरोध छ । त्यस्तो विद्यमान अवस्थामा यस होटलको व्यवस्थापकले स्वदेशी तथा विदेशी बैंकहरु सँग आपसी समझदारीमा ऋणको पूर्नसंरचना गरी ऋण तथा ब्याजको भार कम गर्ने रणनिति अपनाई होटललाई चलायमान राख्न सफल भएको थियो । यसरी यस होटलले विभिन्न आरोह अवरोह पार गरी हाल आएर आर्थिक रुपमा सवल भएको कुरा यस त्रैमासिकको वित्तिय विवरणबाट प्रष्ट हुन्छ । आ.व. २०७३/०७४ मा ७% खुद लाभांस बितरण गरीरहेको र आ.व. २०७४/०७५ को लागि १२% खुद लाभांस वितरण गर्ने निर्णय संचालक समितिले गरेको छ । साथै पर्यटन क्षेत्र लगायत देशको आर्थिक सुधारको लागि विभिन्न प्रकारका योजनाहरु बनाई कार्यान्वयन गर्ने अवस्थामा रहेको बेलामा यस कम्पनी माथी विभिन्न खाले गलत आरोप लागीरहेको अवस्थामा यस कम्पनीले आफ्ना महत्वकाक्षी योजनाहरु जुन पर्यटन क्षेत्र लगायत देशको अर्थतन्त्रलाई उकास्न मद्दत गर्छ त्यस्तो योजना कार्यन्वयन गर्नको लागि चूनौतीहरुको सामना गर्नु पर्ने देखिन्छ । यस कम्पनीले स्थापना काल देखि विभिन्न आरोह अवरोह पार गरी आर्थिक रुपमा सवल भई रहेको अवस्थामा यस कम्पनीले प्राप्त गरेको उपलब्धीलाई पर्यटन क्षेत्र लगायत देश विकासको लागि प्रभावकारी रुपमा उपयोग गर्नु पर्ने सट्टामा गलत आरोप लागिरहेको खण्डमा कम्पनीले आफ्नो भविष्यको योजना कार्यान्वयन गर्नमा विभिन्न प्रकारका समस्या तथा चुनौतीको सामना गर्नु पर्ने देखिन्छ । यस्ता चुनौति तथा समस्यालाई सामना गर्दै यस कम्पनीले आफ्नो भविष्यको योजनालाई सफल पार्न कटिवद्ध रहदै सबै सम्बन्धीत पक्षको सहयोगको अपेक्षा राखेको कुरा जानकारी गराउदछौं ।

यसका साथै होटल क्षेत्रमा बढ्दो लगानीले व्यवसायीक प्रतिस्पर्धामा बृद्धी भईरहेको अवस्थामा Occupancy र Average Daily Room Rate लाई प्रथम स्थानमा बनाई राख्न यस कम्पनीको लागि चुनौती भएतापनी कम्पनी प्रशासनको अथक प्रयासले गर्दा आफनो प्रथम स्थान कायमै राखेको छ । विदेशी मुद्रामा भैरहेको अप्रत्यासीत बृद्धि, पर्यटन विकास सम्बन्धि पुर्वाधारको कमि, देशको अस्थिर आर्थिक अवस्थाले गर्दा थप कठिनाइको अनुभुति भैरहेको छ । तथापी काबु भन्दा बाहिरको समस्या बाहेक अन्य समस्या तथा चुनौतीलाई यस होटलले निष्प्रभावि बनाउदै प्रभावकारी बजार व्यवस्थापन, होटलको आवश्यक मर्मत तथा संभार, अन्तराष्ट्रिय स्तरको गुणस्तरीय ग्राहक सेवाको स्तरउन्नति र लक्ष्य अनुसारको बिक्री बढाउन नयाँ बजारहरुको खोजी गर्ने जस्ता रणनीति अपनाई समस्या समाधान गर्दै जाने नीति लिईएको छ ।

६) **संस्थागत सुशासन:**

कम्पनीले प्रचलित ऐन तथा कानुन, नेपाल र अन्तर्राष्ट्रिय लेखामान बमोजिमको मापदण्ड, नियमनकारी निकायहरुबाट जारि भएका नियम, विनियम, निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ । साथै आन्तरिक नियन्त्रण प्रणाली, सञ्चालन जोखिमहरु कम गर्न तथा कारोबारलाई थप व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियमहरु लागु गरि कम्पनीको सञ्चालक समिति, लेखापरीक्षण समिति लगायत सबै आ-आफनै स्थानवाट कम्पनीको प्रगति निमित्त अहोरात्र खट्ने गरेको र आन्तरिक विभिन्न समितिहरु सदैव क्रियाशील रहि परिणाममुखि कार्यहरु गर्दै आइरहेका छन ।

७) **सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

## Statement of Unaudited Financial Position

### As at 3rd Quarter of the Fiscal Year 2075/76

| Particulars | As of 31 March 2019 | As of 31 March 2018 |
|---|---|---|
| **Assets** | | |
| **Non Current Assets:** | | |
| Property, Plant and Equipment | 1,847,423,529 | 1,923,860,330 |
| Intangible Assets | 76,276 | 100,842 |
| Work in progress | 6,696,818 | 47,561,199 |
| **Total Non-Current Assets** | **1,854,196,623** | **1,971,522,371** |
| **Current Assets:** | | |
| Inventories | 16,313,705 | 14,949,899 |
| Income Tax Receivable | 54,184,538 | 47,379,244 |
| Trade and Other Receivables | 233,903,261 | 229,359,908 |
| Investment | 1,173,700,000 | 809,300,000 |
| Cash and Cash Equivalents | 112,352,696 | 100,571,522 |
| **Total Current Assets** | **1,590,454,200** | **1,201,560,572** |
| **Total Assets** | **3,444,650,823** | **3,173,082,943** |
| **Equity & Liabilities** | | |
| **Equity:** | | |
| Share Capital | 1,886,654,000 | 1,886,654,000 |
| Reserves | 777,779,933 | 415,961,493 |
| **Total Equity** | **2,664,433,933** | **2,302,615,493** |
| **Liabilities:** | | |
| **Non Current Liabilities:** | | |
| Loans and Borrowings | - | - |
| Employee Benefits | 104,519,690 | 43,201,829 |
| Provisions | | 179,580,348 |
| **Deferred Tax Liabilities** | **104,741,086** | **124,322,358** |
| **Total Non-Current Liabilities** | **209,260,776** | **347,104,535** |
| Current Liabilities | | |
| Loans and Borrowings | 46,512,687 | 50,522,213 |
| Trade and Other Payables | 504,650,620 | 448,093,643 |
| Employee Benefits | 16,972,333 | 21,173,890 |
| **Provisions** | **2,820,474** | **3,573,170** |
| **Total Current Liabilities** | **570,956,114** | **523,362,916** |
| **Total Liabilities** | **780,216,890** | **870,467,450** |
| **Total Equity and Liabilities** | **3,444,650,823** | **3,173,082,943** |

### Statement of Unaudited Profit & Loss

| Particulars | Up to this Qyarter ending 31 March 2019 | Up to same last year Quarter ending 31 March 2018 |
|---|---|---|
| Revenue from Operations | 1,044,832,734 | 915,768,427 |
| Less: Cost of Sales | (294,598,090) | (270,617,725) |
| **Gross Profit** | **750,234,644** | **645,150,702** |
| Other Business Income | 119,490,038 | 81,444,165 |
| Depreciation | (99,204,018) | (89,261,984) |
| Administrative & General Expenses | (328,073,634) | (300,519,956) |
| Other Operating Expenses | (85,870,656) | (61,407,219) |
| **Profit Before Bonus & Tax** | **356,576,374** | **275,405,708** |

**Note:** If The Statutory auditor or supervisory authority notify and remarks to change the financial statement the same shall be changed accordingly